मकालु गाउँपालिका
MAKALU RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
स्था: २०७३ (Estd: 2073)
नुम, सङ्खुव
Num, Sankhuwa
कोशी प्रदेश,
Koshi Province,

पत्र संख्या: २०८२/०८३/स्वास्थ्य
Ref. No.: 2082/083/Health
चलानी नं: 9226
Dispatch No.:

मितिः२०८३।०१।०४

**विषय:स्वास्थ्य बीमा नवीकरण सम्वन्धी अत्यन्त जरुरी सूचना**

प्रस्तुत विषयमा **यस गाउँपालिकाले** गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउने उदेष्यले सम्पूर्ण दलित तथा अपाङ्गता भएको व्यक्तिहरु ( ख, ग र घ ) वर्गको नागरिकहरूमा "स्वास्थ्य बीमा ऐन, २०७४", "स्वास्थ्य बीमा नियमावली, २०७५" र **"मकालु गाउँपालिकाको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९"** को दफा ३ बमोजिम गाउँपालिका भित्रका दलित परिवार र अपाङ्गता भएका व्यक्तिहरूका परिवारलाई मकालु गाउँपालिकाले विगत केहि वर्ष देखि निःशुल्क स्वास्थ्य विमा गर्दै आएको व्यहोरा अवगत नै छ । तसर्थ यस चालु आ.व. २०८२।८३ मा पनि गाउँपालिकाले निःशुल्क स्वास्थ्य विमामा समावेश गर्ने भएको हुदाँ आ-आफ्नो वडामा कार्यरत रहेको स्वास्थ्य विमा बोर्डको दर्ता सहयोगीहरुसंग सम्पर्क गरि स्वास्थ्य विमामा नविकरण तथा नयाँ विमित मिति २०८३ जेष्ठ ५ गते भित्र समावेश गर्नु गराउनु हुन सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम ६ (४) र नियम ८ (१) बमोजिम स्वास्थ्य बीमाको परिचयपत्र सेवा क्रियाशील भएको मितिले **एक वर्ष** सम्म मात्र बहाल रहने व्यवस्था छ। अतः आफ्नो बीमा सेवालाई निरन्तरता दिनका लागि देहाय बमोजिमको प्रक्रिया तथा कागजातहरु संलग्न राखी नवीकरण बापतको रकम भुक्तानीको लागि मकालु गाउँपालिका पालिकामा पेश गर्नु हुन दर्ता सहयोगीहरुलाई समेत यसै सुचना मार्फत अनुरोध गरिन्छ ।

**नविकरणको लागि आवश्यक कागजात**

- स्वास्थ्य बीमाको पुरानो परिचयपत्र वा बीमा नम्बर ।
- घरमूलीको पहिचान खुल्ने प्रमाण र परिवारका सदस्यहरूको विवरण।
- तोकिएको **योगदान** रकम (**Premium**) भुक्तानीको लागि सक्कलै भौचर ।
- अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्ग परिचय पत्र ।
- नागरिकताको प्रमाण पत्र ।

थप जानकारीका लागि आफ्नो वडाका दर्ता सहयोगीहरुसंग सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।
**नविकरण हुने स्थानः प्रत्येक वडाको वडा कार्यालयमा ।**

| सि.न. | दर्ता सहयोगीको नाम | वडा नं. | सम्पर्क नं. | कै |
|---|---|---|---|---|
| १ | अमृता राई | १ | ९८६१७४००८० | |
| २ | विर बहादुर राई | २ | ९८६८६८३४१० | |
| ३ | कविता राई | ३ | ९७४२२८२००५ | |
| ४ | जुनु तामाङ | ४ | ९८४०३९९५२६ | |
| ५ | हेम कुमार तामाङ | ५ | ९८४२३०३५६२ | |
| ६ | राम कुमारी राई | ६ | ९८६०७३८१२६ | |

इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिक